सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

संक्षिप्त आदेश

०८०-WF-००१२

विषयः उत्प्रेषणयुक्त परमादेश समेत।

कोशी प्रदेश, नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेश संसदीय दलकको तर्फबाट अख्तियार प्राप्त ऐ.संसदीय दलको नेता जिल्ला झापा, गौरादह न.पा. वडा नं ३ बस्ने वर्ष ५८ का हिक्मत कुमार कार्की................................................................................ निवेदक

विरुद्ध

माननीय पर्शुराम खापुङ्ग प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश विराटनगर....................................................................................................१

माननीय उद्धव थापा, गैर-संवैधानिक रुपमा विश्वासको मत प्राप्त गरिएका भनिएका मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर ..........१

माननीय इस्राईल मन्सुरी, तत्कालिन बैठकको अध्यक्षता गर्ने प्रदेश सभा सदस्य, कोशी प्रदेश सभा सचिवालय, विराटनगर.........................................................................१ विपक्षी

माननीय गीता तिम्लसिना, तत्कालिन बैठकको अध्यक्षता गर्ने प्रदेश सभा सदस्य, कोशी प्रदेश सभा सचिवालय, विराटनगर.........................................................................१

कोशी प्रदेश सभा सचिवालय, विराटनगर.........................................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत दायर हुन आई यस अदालतको संयुक्त इजलासको आदेशानुसार यस पूर्ण इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छ।

७. यसमा प्रस्तुत निवेदनको विषयबस्तु हेर्दा, यिनै निवेदक पक्ष र यिनै विपक्षी, विपक्षीसमेत भएको ०७९-WO-१४९४ को उत्प्रेषण मुद्दामा प्रस्तुत मुद्दासँग समान प्रकृतिको भई पूर्ण इजलासबाट निराकरण भइसकेको देखिएकोले प्रस्तुत मुद्दामा पनि जटिल कानूनी प्रश्न समावेश भएको देखिएको र त्यसको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (ग) बमोजिम मिति २०८०।०५।१८ गते पूर्ण इजलासमा पेश हुने गरी पेशी तोकी नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०८०।०५।१५ मा भएको आदेश।

## यस अदालतको आदेश

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयको लागि पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरीयो।

९. रिट निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री टिकाराम भट्टराई, श्री शम्भु थापा, श्री उषा मल्ल पाठक, श्री रमेश वडाल, श्री रविनारायण खनाल, श्री कृष्णभक्त पोखरेल, श्री प्रकाश के.सी, डा.श्री सुरेन्द्र भण्डारी, श्री बाबुराम दाहाल, डा. श्री कुमार शर्मा आचार्य, श्री केदार प्रसाद दहाल, अमर थापा र अधिवक्ताहरु श्री सुलभ खरेल, डा.श्री राजेन्द्र घिमिरे, श्री भोजराज आचार्य, श्री ज्ञानेन्द्रराज आरण, श्री त्रिलोक बहादुर चन्द, श्री केदार प्रसाद कोईराला, श्री कृष्णकुमार आङदाम्बे, श्री तारा कुमार श्रेष्ठ, श्री मुकुन्द अधिकारी, श्री देवराज कार्की, श्री दिल कुमारी राई, श्री रविन्द्र कुमार ढुंगाना, श्री शिवराम श्रेष्ठ, श्री शान्तिराम खतिवडा, श्री सुरज राई , श्री गजेन्द्र आचार्य, श्री मुकुन्द प्रसाद भट्टराई, श्री यज्ञ प्रसाद अधिकारी, श्री महेश भट्टराई, श्री अशोक राई, दिपकराज खनाल, श्री राजाराम घिमिरे, श्री सन्तोष पराजुली, श्री लोचन भट्टराई, श्री शान्तिदेवी खनाल, श्री लक्ष्मी सुवेदीले संसदिय व्यवस्थामा अध्यक्षता गर्ने व्यक्तिले मत दिन पाउने हुदैन। संसदिय प्रणालीका आफ्नै गुण र विशेषता हुन्छन। संसद बैठकमा अध्यक्षता गर्ने व्यक्तिले मत हालेको संसारमा कहीपनि अभ्यास छैन। अध्यक्षता गर्ने व्यक्तिले मत दिने कुरा संविधान विपरित हुँदा अदालतले न्यायिक पुनरावलोकन गर्न पाउछ। संविधान विपरीत कार्यलाई आवश्यताको सिद्धान्त भन्न मिल्दैन। धारा १६८ (२) बमोजिम नियुक्त मुख्यमन्त्रीले १६८(४) बमोजिम ३० दिन भित्र विश्वासको मत लिन सकेको अवस्था

नहुँदा १६८(३) बमोजिम प्रदेश सभामा धेरै सदस्य रहेको दलको संसदिय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश जारी हुनु पर्छ भनी बहस गर्नुभयो।

१०. विपक्षी मध्येका प्रदेश प्रमुखको तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता डा. श्री दिनमणी पोखरेल, नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, श्री संजिवराज रेग्मी र सह न्यायाधिवक्ता श्री गोविन्द खनाल, विपक्षी प्रदेश सभा सचिवालय समेतको तर्फबाट प्रदेश मुख्य न्यायाधिवक्ता श्री बुद्धि बहादुर थापा, उपन्यायाधिवक्ता श्री राजेन्द्र बहादुर बस्नेत मुख्यमन्त्री श्री उद्धव थापाको तर्फबाट वरिष्ठ अधिवक्ताहरु डा. श्री विजय प्रसाद मिश्र, श्री खम्म बहादुर खाती, श्री गोविन्द शर्मा कोइराला बन्दी, श्री महादेव यादव, श्री शेर बहादुर के.सी, श्री सुनिल पोखरेल, श्री हरिहर दाहाल, श्री मुक्ति प्रधान, श्री गोपालकृष्ण घिमिरे, डा. श्री चन्द्रकान्त ज्ञवाली, श्री प्रेम बहादुर खडका,श्री एकराज पोखरेल र अधिवक्ता श्री दिपेन्द्र झा र विपक्षी इस्राईल मन्सुरीको तर्फबाट वरिष्ठ अधिवक्ता डा.श्री शिव कुमार यादवले प्रदेश प्रमुखले कोशी प्रदेशसभाका ९३ मध्ये ४७ सदस्यको हस्ताक्षर सहित उद्धव थापाले मुख्यमन्त्रीमा दावी गरेपछी नियुक्ती गरेको हो। संविधान बमोजिम तोकिएको ३० दिन भित्र विश्वासको मतको लागी प्रस्ताव राखेको हो। कोशी प्रदेश सभाको ९३ सदस्य मध्ये ४७ जना सदस्यको तर्फबाट निज मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गरेको अवस्था छ। विश्वासको मत लिने दिन उपसभामुखले नियत बस बैठकको अध्यक्षता नगरेकाले इस्राईल मन्सुरीले अध्यक्षता गरेको हो। निज संविधान बमोजिमको प्रदेशसभा सभामुख होइन। निजलाई ह्वीप लाग्ने सदस्य हुन्। बहुमतबाट परित हुने प्रस्ताव र विश्वासको मत सम्बन्धी व्यवस्था फरक फरक हो। नेपालको संविधानको धारा १८६ र १८८ को प्रयोग फरक फरक तरिकालें हुनुपर्छ। अध्यक्षता गर्ने व्यक्तिले मतदान गर्न पाउँछ। निवेदकले उठाएको विषय यो संसदीय विशेषाधिकार र राजनितिक विषय हुँदा न्यायिक निरुपण हुन सक्दैन। अध्यक्षता गर्ने व्यक्तिले मतदान गर्न पाउँछ। संसदीय विशेषाधिकारको विषय हो। यो राजनितिक विषय हुँदा न्यायिक निरुपण हुन सक्दैन। रिट निवेदन जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

११. प्रस्तुत रिट निवेदनको सम्बन्धमा देहायका प्रश्नहरुको निरुपण हुनुपर्ने देखिन आयो:

(१) रिट निवेदकले निवेदनमा उठाएको विषयवस्तु प्रदेश सभाको आन्तरिक कार्यविधि नियमित गर्ने राजनैतिक प्रश्नको विषय हो वा न्यायिक परिक्षणयोग्य विषय हो?

(२) प्रदेश सभाको बैठक सञ्चालन गर्ने प्रयोजनार्थ सभामुख र बैठकको अध्यक्षता ग्रहण गर्ने उपसभामुख वा सदस्यहरुको भूमिकामा भिन्नता छ वा छैन?

(३) नेपालको संविधानको धारा १८८ को उपधारा (३) बमोजिम पेस भएको विश्वासको मतको प्रस्ताव उपर छलफल हुँदा बैठकको अध्यक्षता अध्यक्ष मण्डलमा मनोनयन भएको सदस्यले गरेको भए अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव उपर हुने मतदानमा सहभागी हुन मिल्ने हो वा होइन?

(४) नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषदको मुख्यमन्त्रीले ऐ. धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा संविधानको सोही उपधारा पुनःक्रियाशील हुने हो वा संवैधानिक प्रावधान बमोजिमका अन्य विकल्पमा जानुपर्ने हुन्छ?

(५) रिट निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?

१२. निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न निवेदन, लिखित जवाफ तथा प्रदेश सभाबाट प्राप्त श्रव्यदृश्य र सोको उतार (Verbatim) समेतबाट नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मिति २०८०।०४।१६ मा प्रत्यर्थीमध्येका माननीय उद्धव थापा कोशी प्रदेशका मुख्यमन्त्रीमा नियुक्त भएका र त्यसरी नियुक्त मुख्यमन्त्रीले नेपालको संविधानको धारा १६८ को उपदफा (४) बमोजिम विश्वासको मत लिनुपर्ने हुँदा मिति २०८०।५।४ मा विश्वासको मतको प्रस्ताव कोशी प्रदेशसभामा निर्णयार्थ पेश भएकोमा प्रस्ताव पारित गर्ने प्रक्रियामा माननीय इस्राईल मन्सुरीले प्रदेश सभाको बैठकको अध्यक्षता गरेका, निजले उक्त प्रक्रियामा मतदानको समय सकिएपछि मतदान गरिसकेका अर्का माननीय सदस्य गीता तिम्सिनालाई सभाको अध्यक्षता गराई मत सच्याउने समयमा प्रस्तावको पक्षमा मत दिई पुनः अध्यक्ष मण्डलको हैसियतले अध्यक्षता गरेको र उनको समेत मत जोडी प्रस्तावको पक्षमा बहुमत पुगेको घोषणा गरी माननीय प्रदेश प्रमुखलाई जानकारी गराएको तथ्यमा विवाद देखिएन।

१३. अब पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, संविधान आफैंमा राजनीतिक प्रश्न मिश्रित कानूनी दस्तावेज भएकाले संविधानको व्याख्यासँग सम्बन्धित कतिपय प्रश्नहरुमा राजनीतिक प्रश्नहरु समेत सन्निहित हुनु स्वाभाविक हो। तथापि प्रस्तुत विवादमा केवल प्रदेश सभाको आन्तरिक काम कारबाहीको नियमितताको प्रश्न मात्र नीहित नभई नेपालको संविधानको धारा १६८ बमोजिमको प्रदेश मन्त्रिपरिषदको गठन प्रक्रिया, धारा १८६ बमोजिम सभाको अध्यक्षता गर्ने व्यक्तिलाई सभामा पेश हुने प्रस्तावमा मतदानको अधिकार हुने नहुने प्रश्न र संविधानको धारा १८८ अन्तर्गतको विश्वासको मत लिने प्रक्रियामा धारा १८६ को व्यवस्था आकर्षित हुने वा नहुने जस्ता संवैधानिक व्यवस्थाको

व्याख्या र कार्यान्वयनको प्रश्न समाहित रहेको एवम् यस अदालतले यस्तै प्रश्नहरु रहेको ०५२-WO-३१०५ ,०५९-WO-३५४२, नि.नं. ८४२०, नि.नं. ८५७१, ०७७-WO-००२८, ०७७-WO-००७१ लगायतका मुद्दाको व्याख्यामा राजनीतिक प्रश्नलाई अलग गरी कानूनी प्रश्नमा सीमित रही व्याख्या गरिनुपर्ने दृष्टिकोण समेत विकास गरेको देखिएबाट रिट निवेदनमा उठाइएको विषयलाई न्यायिक परीक्षणयोग्य विषय मान्नुपर्ने देखिन आयो।

१४. दोश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १८२ को उपधारा (५) ले प्रदेश सभामुख र प्रदेश उपसभामुख निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रदेश सभाको बैठकको अध्यक्षता उपस्थित सदस्य मध्ये उमेरको हिसाबले जेष्ठ सदस्यले ग्रहण गर्ने व्यवस्था गरी सभामुख वा उपसभामुखको अनुपस्थितिमा सभाको कुनै सदस्यले सभाको अध्यक्षता गर्न सक्ने अवधारणालाई स्वीकार गरेको देखियो।

१५. यसैगरी कोशी प्रदेश सभा नियमावली, २०७४ को नियम ११ ले सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न बढीमा पाँच जना सदस्यहरु मनोनित गर्न सक्ने व्यवस्था गरेको र सोही व्यवस्था बमोजिम मिति २०८०।०५।०४ को प्रदेश सभाको बैठकको अध्यक्षता गर्ने प्रत्यर्थी मध्येका माननीय इस्राईल मन्सुरीसमेत सो प्रयोजनका लागि मनोनित भएको तथ्यमा विवाद छैन। निज सोही प्रयोजनका लागि मनोनित सदस्य भएको सोही आधारमा कोशी प्रदेश सभाका उपसभामुखले निजलाई मिति २०८०।०५।०३ मा मिति २०८०।०५।०४ गते र तत्काल सो भन्दा पछिका बैठक संचालन गर्ने लिखित अख्तियारी प्रदान गरेको र निजकै अध्यक्षतामा प्रदेश सभाको कार्य व्यवस्था परामर्श समितिको बैठक बसी बैठकको अध्यक्षता गर्ने सम्बन्धमा सहमत भई अध्यक्षता ग्रहण गरेको व्यक्ति रहेको परिप्रेक्षमा निजले अकस्मातको परिस्थितिबाट (accidentally emerged) अध्यक्षता ग्रहण गरेको भन्ने देखिएन।

१६. कोशी प्रदेश सभा नियमावली, २०७४ को नियम ११(२) ले उपसभामुख तथा उपनियम (१) बमोजिम मनोनयन गरेको सदस्यले अध्यक्षता गरिरहेको बैठकमा सभामुखले प्रयोग गर्न पाउने सबै अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरेबाट नियम प्रदत्त अधिकारको अवधारणासँग निजले पूरा गर्नुपर्ने कर्तव्य/दायित्व समेत गाभिन आउने हुँदा प्रदेश सभाको बैठकको अध्यक्षता गर्ने व्यक्तिमा बैठक संचालनको अवधीमा सभामुख सरहको कर्तव्य र अधिकार भनी स्पष्ट हुन आउँछ।

१७. राजनैतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८ ले संसदीय दलका नेताको निर्देशन बमोजिम प्रदेश सभामा मतदान गर्न पार्टी व्हीप जारी हुने व्यवस्था रहेको भएतापनि सोही ऐनको दफा ३३ (ग) ले सभामुख उपसभामुख लगायतका पदाधिकारीले मात्र नभई अन्य

कुनै सदस्यले संघीय संसदको कुनै सदन वा प्रदेश सभाको अध्यक्षता गरेकोमा यस्तो सदस्यले अध्यक्षता गर्दाका बखत सचेतकले दिएको निर्देशन विपरित मतदान गरेमा वा तटस्थ रहेमा दल त्याग गरेको मानिने छैन भनी व्यवस्था गरेबाट पनि सभाको अध्यक्षता गर्दा तटस्थ हुनुपर्ने र पार्टी ह्वीप मान्नु नपर्ने अवधारणालाई मान्यता दिएको देखिन्छ।

१८. सभामुखको पद आफै अध्यक्षता गर्ने पद हो। सभामुखको मुख्य जिम्मा नै बैठकको अध्यक्षता गर्ने नै रहेको र बैठकको अध्यक्षता ग्रहण गरिरहेको समयमा सभामुखको अधिकारसँगै कर्तव्य पनि अध्यक्षता गर्ने व्यक्तिमा रहे भएको देखियो। जुन दायित्व अन्तर्गत प्रदेश सभाको बैठकको काम कारबाहीमा तटस्थता र निष्पक्षता कायम गर्ने दायित्व समेत समाहित भएको मान्नुपर्ने देखियो।

१९. अब तेश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, यस अदालतले यस अघि नै ०८०-WF-०००१ को कोशी प्रदेशको सरकार गठन प्रक्रियामा तत्कालीन माननीय सभामुख बाबुराम गौतमले जनाएको समर्थनको वैधानिकताको प्रश्नमा प्रदेश सभाको सभामुखको पद राजनैतिक रुपमा तटस्थ र निष्पक्ष हुनुपर्नेप्रदेश सभामा सबै , राजनीतिक दलहरू र सदस्यहरू प्रति सभामुखको समदूरी र समान व्यवहार कायम हुने र सोही कारण नेपालको संविधानको धारा १८६ मा अध्यक्षता ग्रहण गर्ने व्यक्तिलाई मत दिने अधिकार नहुने भन्ने व्यवस्था समेत भई मुख्यमन्त्री पदमा नियुक्तिका लागि प्रदेश प्रमुख समक्ष बहुमत सदस्य देखाउने प्रयोजनका लागि पेश गरिएको प्रस्तावमा जनाएको हस्ताक्षरलाई कानून र संविधान प्रतिकूल घोषणा गरिएको देखिन्छ।

२०. नेपालको संविधानको धारा १८६ ले अध्यक्षता गर्ने व्यक्तिलाई मतदानको अधिकार हुने छैन भन्ने व्यवस्था गरेबाट उक्त धाराले केवल सभामुख वा उपसभामुखले मात्र मतदान गर्न नपाउने व्यवस्था गरेको नभई अध्यक्षता गर्ने व्यक्तिलाई समेत त्यस्तो अधिकार नहुने भनी स्पष्ट व्यवस्था गरेको देखियो। यस आधारबाट अध्यक्ष मण्डलमा मनोनित सदस्यले अध्यक्षता गरिरहेको बैठकमा निजलाई मतदान गर्ने अधिकार संविधानतः नहुँदा बैठकको अध्यक्षता गरेको माननीय सदस्य इस्राईल मन्सुरीलाई मत दिने अधिकार भएको मान्न मिलेन। नेपालको संविधानको धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशले मत बराबर भएमा मात्र अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ भन्ने व्यवस्था गरेको देखिन्छ।

२१. जहाँसम्म धारा १८६ को व्यवस्था सभामा उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट निर्णय हुने प्रस्तावको हकमा मात्र भएको र धारा १८८ मा प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट निर्णय हुनुपर्ने प्रावधान देखिँदा धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन भन्ने व्यवस्था धारा १८८ को हकमा लागु हुने नहुने भन्ने प्रश्न छ सो

सम्बन्धमा हेर्दा, प्रदेश सभाको बैठकको अध्यक्षता सम्बन्धी व्यवस्था संविधानको धारा १८६ बाहेक अन्य धारामा देखिँदैन। धारा १८६ को व्यवस्था बैठकको अध्यक्षता गर्ने सम्बन्धमा सबै अवस्थामा लागु हुने एकमात्र (Exclusive) व्यवस्था भएको देखियो। यस अतिरिक्त, धारा १८५ बमोजिम आवश्यक गणपूरक संख्या धारा १८६ को हकमा मात्र सीमित हुने देखिएन। प्रदेश सभाको बैठकमा निर्णयको लागि प्रस्ताव पेश गर्न आवश्यक गणपूरक संख्या र प्रस्ताव पारित हुन आवश्यक मत संख्या पृथक पृथक अवस्थाको देखिन आयो। धारा १८८ मा गणपूरक संख्या तथा अध्यक्षता गर्ने बारेमा छुट्टै व्यवस्था नभएकाले उपधारा (३) बमोजिम निर्णयको लागि प्रस्तुत प्रस्ताव पारित गर्ने प्रयोजनका लागि सम्म प्रदेश सभाको सम्पूर्ण सदस्यको बहुमतबाट पारित हुने अवस्थाको देखिन आयो। यस सम्बन्धमा धारा १८५ र १८६ नै लागु हुने भएकोले संविधानको धारा १८५, १८६ र १८८ को व्यवस्था परस्पर अन्तरसम्बन्धित (Inter-connected) र अन्तरप्रभावित (Cross-cutting) भै समग्रता (Overarching) मा हेरी सुसंगत (Harmonize) र उद्देश्यपरक (Purposive) व्याख्या गर्नुपर्नेमा सन्देह देखिन आएन।

२२. अब रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने प्रश्नका सन्दर्भमा विचार गर्दा रिट निवेदकले २०८० भाद्र ४ गतेको प्रदेश सभाको बैठकमा अध्यक्षता गरेका प्रत्यर्थी माननीय इस्राईल मन्सुरीले संविधानको धारा १८६ विपरीत प्रत्यर्थी मुख्यमन्त्रीले पेश गरेको आफूलाई विश्वासको मत दिइयोस् भन्ने प्रस्तावमा नेपालको संविधानको धारा १८६ को अवस्था उत्पन्न नहुँदै मत प्रकट गरेको र सोका आधारमा मुख्यमन्त्रीले पेश गरेको प्रस्ताव बहुमतबाट पारित भएको भनी घोषणा गरिएको हुँदा प्रत्यर्थीहरुको काम कारबाही र सोबाट उत्पन्न परिणाम समेत उत्प्रेषणको आदेशले बदरभागी होस् भनी माग गरेको देखिन आउँछ।

२३. अब यस सन्दर्भमा प्रदेश सभामा पेश भएको प्रस्तावको पक्ष र विपक्षमा बराबर मत परी प्रस्ताव सम्बन्धी कारवाही टुङ्गोमा पुग्न नसक्ने असहज वा असामान्य अवस्था उत्पन्न भएमा सो अवस्थाबाट सभालाई निकास दिने प्रयोजनका लागि सम्म सभाको अध्यक्षता गरेको व्यक्तिले मतदान गर्ने संवैधानिक प्रावधानको अन्तरनीहित उद्देश्य देखिन आउँछ।सो देखि बाहेकको अवस्थामा सभाको अध्यक्षता गरेका व्यक्तिले मत हाल्ने परिकल्पना संविधानले गरेको देखिएन। प्रस्तुत मुद्दामा प्रत्यर्थी मध्येका कोशी प्रदेशका माननीय मुख्यमन्त्री उद्धव थापाले नेपालको संविधानको धारा १८८ को उपधारा (३) बमोजिम पेश गरेको विश्वासको मतको प्रस्ताव कोशी प्रदेश सभाको मिति २०८०।५।४ को बैठकमा निर्णयार्थ पेश हुंदा कोशी प्रदेश सभा नियमावली, २०७४ को नियम ११ बमोजिम मनोनयन भएका प्रत्यर्थी मध्येका माननीय इस्राईल मन्सुरीले बैठकको अध्यक्षता

गरेको देखिन्छ। सो प्रस्ताव उपर मतदान हुंदा प्रस्तावको पक्षमा अध्यक्षता गर्ने माननीय सदस्यको मत समेत गरि जम्मा ४७ अर्थात निजको मत बाहेक ४६ मत परी सो प्रस्ताव पारित हुनका लागि आवश्यक ४७ मत प्राप्त हुन सकेको देखिएन। प्राप्त मत परिणामले सभामा पेश भएको विश्वासको मतको प्रस्तावको पक्षमा प्रदेश सभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमत प्राप्त हुन नसकी प्रस्ताव पारित नभएको अवस्थाको परिणाम आएको देखियो। सभामा निर्णयार्थ पेश भएको प्रस्तावको पक्षमा बहुमत प्राप्त हुनु वा नहुनु दुवै स्थिति संविधानतः आफैमा निर्णायक अवस्था मान्नुपर्ने देखिन आउँछ। नेपालको संविधानको धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशमा "मत बराबर भएमा" भन्ने वाक्यांशको प्रयोग भएको देखिँदा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने पूर्वावस्था प्रस्तावमा भएको मतदानमा मतगणना गर्दा मत परिणाम बराबर भएको हुनुपर्ने देखियो तर प्रदेश सभाको मिति २०८०।०५।०४ को बैठकमा पेश भएको प्रस्तावको विपक्षमा ३० मत परेकोमा सो मत संख्यालाई नै ४६ मत सरह मानि अध्यक्षता गरेका व्यक्तिले निर्णायक मत भनी गरेको मतदान संविधान सम्मत मान्न मिलेन।

२४. प्रस्तुत मुद्दामा अध्यक्षता गरेका व्यक्तिको मत बिना नै सभाको मत निर्णायक भएको र सभाको अध्यक्षता गर्ने व्यक्तिले मत हाल्नुपर्ने अवस्था भनी नेपालको संविधानले परिकल्पना गरे बमोजिमको अवस्था नै उत्पन्न नै नभएको अवस्थामा समेत सभाको अध्यक्षता गरेका प्रत्यर्थी मध्येका कोशी प्रदेश सभाका माननीय सदस्य श्री इस्राईल मन्सुरीले उक्त प्रस्ताव उपर मतदान गरेको कार्य नेपालको संविधान, संविधानवादको मान्य सिद्दान्त तथा यस अदालतबाट प्रतिपादित नजीर सिद्दान्त समेतको प्रतिकूल देखिंदा उल्लिखित प्रस्तावमा निजले गरेको मतदान, सो मत समेत गणना गरी उक्त प्रस्ताव प्रदेश सभाको बहुमतबाट पारित भएको भनी सो सभाले गरेको मिति २०८०।०५।४ को निर्णय तथा उक्त निर्णयको जानकारी गराउन सोही मितिमा प्रदेश प्रमुखलाई गरेको पत्राचार लगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। प्रत्यर्थी मध्येका माननीय उद्दव थापाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न सकेको नदेखिंदा निज स्वतः मुख्यमन्त्री पदबाट पदमुक्त हुने भएकाले सो सम्बन्धमा थप बोलिरहन परेन।

२५. जहाँसम्म निवेदकले प्रदेश सभामा सबैभन्दा बढी सदस्य संख्या भएको दलको नेताको हैसियतले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम आफूलाई मुख्य मन्त्री पदमा नियुक्ति गर्नु भनी परमादेश समेत जारी गरी पाउं भनी गरेको माग छ सो सम्बन्धमा विचार गर्दा नेपालको संविधान तथा हामीले अवलम्बन गरेको संवैधानिक प्रणालीका दृष्टिकोणले प्रदेश मन्त्रिपरिषद्को गठन, निरन्तरता वा विघटनको निर्णय प्रदेश

सभाबाटै हुने विषय हो भन्ने सम्बन्धमा यो इजलास स्पष्ट छ। सो सम्बन्धमा नेपालको संविधानको धारा १६८ ले स्पष्ट दिशानिर्देश गरेको अवस्था समेत छ। जस अनुसार सो धाराको उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई मुख्यमन्त्री नियुक्त गरिएकोमा निजले ऐ. उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने र त्यसरी विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नु पर्ने व्यवस्था रहेको देखिन आयो। नेपालको संविधानको धारा १६८ ले प्रदेश मन्त्रिपरिषद गठनका सम्बन्धमा विभिन्न विकल्पहरु प्रस्तुत गरेको सन्दर्भमा उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषदले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा उपधारा (३) बमोजिमको मन्त्रिपरिषदको गठन नै स्वाभाविक देखिन आउँछ।

२६. यस सम्बन्धमा यस अदालतबाट यिनै निवेदकले दायर गरेको ०८०-WF-०००१ को उत्प्रेषण परमादेशको मुद्दामा मिति २०८०।०५।११ मा जारी भएको संक्षिप्त आदेशमा समेत उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषदले ऐ. उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त नगरेमा संविधानतः ऐ उपधारा (३) बमोजिमको सरकार गठन हुने भनी मन्त्रिपरिषद गठनको संवैधानिक व्यवस्था स्मरण गराएको एवम् सो आदेश अनुसार नै उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषदले ऐ. उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेको यस स्थितिमा पुनः सोही उपधारा बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रकृया पुनरावृति गर्नु संविधानसम्मत हुने देखिएन। संविधानले नै मार्ग निर्देश गरेको अवस्थामा एउटै विकल्पमा पटक पटक नगई संविधान बमोजिमको विकल्पमा प्रवेश गर्नु नै स्वस्थ संवैधानिक अभ्यासको विकासका दृष्टिले उचित हुने देखियो। उपधारा (३) बमोजिम गठित मन्त्रिपरिषदले समेत ऐ. उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेमा ऐ. उपधारा (५) बमोजिम प्रदेश सभामा विश्वासको मत प्राप्त गर्न सक्ने कुनै सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न सकिने संवैधानिक व्यवस्था रहेको देखिन्छ। संविधानले निर्देश गरेका स्वभाविक विकल्पहरुको तदनुरुप नै प्रयोग गरिनु पर्दछ। यस स्थितिमा संवैधानिक व्यवस्था तथा यस अदालतबाट भएको पूर्व आदेश बमोजिम उपधारा (३) बमोजिम प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने देखिन आयो।

२७. तसर्थ, प्रस्तुत रिट निवेदन उपरको प्रारम्भिक सुनवाईमा यस अदालतबाट कोशी प्रदेश सरकारका नाउंमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागुञ्जेल दीर्घकालीन महत्वको र नीतिगत निर्णय नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएको देखिंदा प्रदेशको

कार्यकारिणी अधिकार निहित मन्त्रिपरिषदलाई लामो समयसम्म सो अवस्थामा राखिरहनु उचित नदेखिएकाले प्रस्तुत आदेश प्राप्त भएका मितिले ४८ घण्टा भित्र नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिमको प्रकृयाबाट मन्त्रिपरिषद गठन गर्नु गराउनु भनी प्रत्यर्थी कोशी प्रदेश प्रमुखसमेतका नाउँमा परमादेशसमेत जारी गरिएको छ।

२८. प्रस्तुत आदेश तत्काल कार्यान्वयन हुनुपर्ने प्रकृतिको भएकाले प्रत्यर्थीहरुको जानकारी तथा कार्यान्वयनका लागि अविलम्ब सबै प्रत्यर्थीहरुलाई तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत यो संक्षिप्त आदेशको एक/एक प्रति प्रतिलीपी पठाई दिनू। आदेशको पूर्णपाठ पछि तयार गरिने छ।

(नहकुल सुवेदी)
न्यायाधीश

(कुमार चुडाल)
न्यायाधीश

(सपना प्रधान मल्ल)
न्यायाधीश

nepalkhabar

इजलास अधिकृत(उपसचिव):- इन्द्र बहादुर कठायत, लिलाधर सुवेदी, मतिना शाक्य(शाखा अधिकृत)

कम्प्यूटर टाईपः- राधिका घोरासाइने

इति सम्वत् २०८० साल भाद्र महिना २१ गते रोज ५ शुभम् ..........................।